सभामा पेश भएको मितिः- २०८३/०३/०७ गते आइतबार

सभाबाट स्वीकृत भएको मितिः- २०८३/०३/०९ गते मंगलबार

**सम्पूर्ण सभा सदस्यज्यूहरू,**

मालिका गाउँपालिका गाउँसभाको बीसौं अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु।

लुम्बिनी प्रदेशअन्तर्गत रहेको मालिका गाउँपालिकाको यस गरिमामय सभासमक्ष आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

यस अवसरमा सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनका लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनहरू, दसवर्षे जनयुद्ध, उन्नाइसदिने जनआन्दोलन, भदौ २३ र २४ गते सम्पन्न जेन्जी आन्दोलन लगायत विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात—अज्ञात महान् सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

देशमा राजनीतिक परिवर्तनका लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागण, अग्रज व्यक्तित्वहरू, बेपत्ता नागरिक, घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूका साथै आदरणीय दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक कृतज्ञता तथा उच्च सम्मान व्यक्त गर्दछु।

विगतका गाउँसभाहरूमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमलाई आधार मानी आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीतिसहितको स्पष्ट विकास खाका तयार गरिएको थियो। सोहीअनुसार कार्यहरू अगाडि बढिरहेका छन् र सकारात्मक परिणामहरू प्राप्त हुने क्रम जारी रहेको छ।

मालिका गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य—मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व तथा समन्वयका सिद्धान्तहरूलाई आत्मसात् गर्दै विधिको शासनप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। लोकतन्त्रलाई सामाजिक जीवनपद्धतिको रूपमा स्थापित गर्न गाउँपालिका सरकार निरन्तर प्रयत्नशील रहेको छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति प्रत्येक गाउँवासीले गर्न सकून् भन्ने विषयमा हामी अत्यन्त सचेत छौं।

गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै सन्तुलित र समन्यायिक विकासको मार्गमा अघि बढ्न गाउँपालिका दृढ रहेको छ। योजनाबद्ध तथा प्राथमिकताका आधारमा विकास निर्माणका कार्यहरू सञ्चालन गर्न हामी प्रतिबद्ध छौं।

**“हामी मालिक होइनौं,** जनताका सेवक हौं” भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती तथा सहयोगी संयन्त्रमार्फत मात्र समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वासलाई हामीले मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरेका छौं।

**सभाका सदस्यज्यूहरू,**

मालिका गाउँपालिका सबै पक्षसँग सहकार्य गर्दै विकासका सबै क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्दै “समृद्ध मालिका” निर्माणको दिशामा अघि बढिरहेको छ। आगामी आर्थिक वर्ष मालिका गाउँपालिकाका लागि **“तीव्र विकासको वर्ष”** का रूपमा रहनेछ। यस अभियानमा सम्पूर्ण सरोकारवालाहरूको साथ, सहयोग र सहकार्यका लागि हार्दिक आह्वान गर्दछु।

चालु आर्थिक वर्षमा हासिल भएका उपलब्धिहरूलाई आधार मानी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, साथै सङ्घीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानुन र मापदण्डहरूलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

स्थानीय सरकारको यो नीति तथा कार्यक्रम **“समृद्ध मालिकाः सुखी मालिकावासी”** भन्ने दीर्घकालीन लक्ष्य प्राप्तितर्फ केन्द्रित रहेको छ।

नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी विकासको प्रतिफल वितरण, शिक्षा प्रणालीमा गुणात्मक सुधार, क्रमागत आयोजनाहरूको सम्पन्नता, कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार—व्यवसाय तथा लगानीमैत्री वातावरण निर्माण, सुशासन, समावेशी विकास, दिगो विकास तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। यी उद्देश्यहरूको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारसँग सहअस्तित्व, समन्वय र सहकार्यलाई विशेष महत्व दिइएको छ।

**सभा सदस्यज्यूहरू,**

**“मालिका गाउँपालिकाको समृद्धिको आधारः कृषि, पर्यटन, सामाजिक विकास र पूर्वाधार”** भन्ने आदर्शलाई दीर्घकालीन सोचका साथ आत्मसात् गर्दै विकासका कार्यहरूलाई नीति, लक्ष्य र योजनामा आधारित बनाई थप व्यवस्थित, प्रभावकारी तथा परिणाममुखी बनाउने उद्देश्यले मालिका गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना (२०८०/८१—२०८४/८५) तर्जुमा गरि हाल कार्यान्वयनको चरणमा रहेको छ।

उक्त योजनाले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्न पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संसाधन तथा सुशासन गरी सातवटा प्रमुख क्षेत्रको पहिचान गरिएको छ। यी क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन तथा कार्यान्वयनका लागि नेपाल सरकारको सोह्रौं योजना, लुम्बिनी प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना तथा मालिकावासीको विकासप्रतिको चाहना, राजनीतिक दलहरूको प्रतिबद्धता र जनप्रतिनिधिहरूको सक्रियतालाई प्रमुख आधारका रूपमा लिइएको छ।

यिनै आधार र पृष्ठभूमिमा स्थानीय सरकारले आम नागरिकको समृद्धि र जीवनस्तर उकास्ने उद्देश्यसहित विकास र उन्नतिको स्पष्ट मार्गचित्र तयार गर्दै आएको छ।

**सभा सदस्यज्यूहरू,**

**अब म आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमाका प्रमुख आधारहरू प्रस्तुत गर्दछु।**

नेपालको संविधानको भाग—१९ मा व्यवस्था गरिएको स्थानीय आर्थिक कार्यप्रणालीसम्बन्धी प्रावधान, अनुसूची—८ र ९ मा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार सूची, विद्यमान सङ्घीय, प्रादेशिक तथा स्थानीय कानूनहरू तथा दिगो विकासका लक्ष्यहरू यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका प्रमुख आधारहरू रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा मालिका गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम गठित आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, स्रोत अनुमान तथा बजेट निर्धारण समिति, बजेट तथा कार्यक्रम समिति, राजस्व परामर्श समिति, लेखा समिति, सुशासन समिति तथा शिक्षा समितिबाट प्राप्त सुझाव, सिफारिस, प्राथमिकीकरण, पृष्ठपोषण तथा परामर्शलाई वार्षिक कार्यक्रम तर्जुमाको मुख्य आधार बनाइएको छ।

साथै सङ्घीय तथा प्रादेशिक नीति, योजना, राष्ट्रिय लक्ष्य, गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना, मध्यमकालीन खर्च संरचना लगायतका नीतिगत विषयहरूलाई समेत आधार बनाइएको छ। यसका अतिरिक्त गाउँपालिकाको विकास र समृद्धिसँग सम्बन्धित राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, विषयगत शाखा, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सम्पूर्ण मालिकावासीबाट प्राप्त राय, सुझाव र परामर्शलाई समेत वार्षिक नीति तथा कार्यक्रमको तर्जुमामा समेटिएको छ।

**सभा सदस्यज्यूहरू,**

उल्लेखित प्रयासहरूलाई सार्थक तुल्याई विकास र समृद्धिको लक्ष्य हासिल गर्ने क्रममा गाउँपालिकासामु निम्न अवसरहरू सिर्जना भएका छन्,

- संविधानबमोजिम स्थानीय सरकारको स्थापना भई २२ वटा एकल अधिकार तथा १५ वटा साझा अधिकार सुनिश्चित हुनु तथा सोहीअनुसार कानुन निर्माण गरी प्रभावकारी शासन सञ्चालनको आधार तयार हुनु।
- संविधान तथा कानुनले निर्धारण गरेका तीनै तहका सरकारबीच नीतिगत, कानुनी, संस्थागत तथा कार्यगत समन्वय र अन्तरसम्बन्ध थप सुदृढ हुनु।
- सङ्घ, प्रदेश र स्थानीय तहले तर्जुमा गर्ने योजना, नीति, बजेट, मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रमबीच भर्टिकल र होरिजेन्टल समन्वय सकारात्मक रूपमा विकास हुनु।
- आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्मको प्रथम पञ्चवर्षीय आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यहरूसँग आबद्ध गरी स्पष्ट लक्ष्य निर्धारण तथा विकासको मार्गचित्र तयार हुनु।
- भौगोलिक विविधता, विशिष्ट सभ्यता र सांस्कृतिक पहिचान, पर्यटकीय सम्भावना, रैथाने तथा स्थानीय उत्पादन र उपलब्ध प्राकृतिक स्रोतसाधनका कारण आर्थिक विकासका प्रशस्त सम्भावना रहनु।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालय, स्वास्थ्य संस्था तथा शाखा कार्यालयहरूको सुदृढीकरण हुँदै जानु, सूचना प्रविधिको पहुँच विस्तार हुनु, स्थायी कर्मचारीको पदपूर्ति हुँदै जानु तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि हुनुका कारण सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र नागरिकमैत्री बनाउने अवसर प्राप्त हुनु।

**सभा सदस्यज्यूहरू,**

**उल्लेखित अवसरहरूको साथै हाम्रो सामु केही महत्वपूर्ण चुनौतीहरू पनि विद्यमान रहेका छन्,**

- नागरिकका असीमित आकाङ्क्षा तथा सीमित स्रोतसाधनबीच सन्तुलन कायम गर्नु।
- विकास निर्माणका कार्यमा नागरिक ऐक्यबद्धता अभिवृद्धि गर्नु तथा स्वस्थ राजनीतिक संस्कारको विकास गर्नु।
- स्रोतसाधनको अभाव तथा औद्योगिकीकरणको न्यून अवस्थाका कारण दक्ष जनशक्तिको पलायन रोक्नु, उत्पादन वृद्धि गर्नु तथा बाँझो जमिनको उपयोग बढाउनु।

- अवसरको कमी तथा भौगोलिक विकटताका कारण भइरहेको बसाइँसराइलाई न्यूनीकरण गर्नु।
- जलवायु परिवर्तन, बेमौसमी वर्षा, खडेरी तथा अन्य प्राकृतिक विपद्का कारण उत्पादन, उत्पादकत्व, रोजगारी, आयआर्जन तथा जनजीवनमा परेको असर न्यूनीकरण गर्नु तथा आवश्यक राहत र क्षतिपूर्तिको व्यवस्था गर्नु।
- जटिल भौगोलिक अवस्था तथा कमजोर भू—बनोटका कारण विकास निर्माणको लागत बढ्नु र प्राकृतिक विपद्को जोखिम उच्च रहनु।
- गाउँपालिकाको अधिकांश क्षेत्र वनजङ्गलसँग जोडिएको हुँदा वन्यजन्तुबाट कृषि बाली तथा जनधनको संरक्षण गर्नु।

**सभा सदस्यज्यूहरू,**

**अब म चालू आ.व. २०८२/८३ को हालसम्मको प्रमुख उपलब्धिहरूलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु,**

- गाउँपालिकाकको हाल जेष्ठ मसान्तसम्म आइपुग्दा आर्थिक विकास तर्फ ३५.२९%, सामाजिक विकास तर्फ ६३.११%, पूर्वाधार विकास तर्फ ४०.८५%, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ८१.७%, संस्थागत विकास तथा सुशासन तर्फ ४५.३% गरी कूल खर्च जम्मा ६४% भएको छ।
- आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन बमोजिम मालिका गाउँपालिकामा ०.०८% बेरुजू कायम भई आएकोमा सबै बेरुजू नियमित गर्ने प्रकृतिको रहेको छ। आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको रु.१ करोड ६० लाख ३९ हजार ११२ रुपैयाँ बेरुजू फछ्र्यौट भएको छ। बेरुजूको घट्दो अंकले मालिकामा सुशासनको आभाष दिलाएको अनुभूति गरेका छौं।
- मालिका गाउँपालिका वडा नं ०४ मा पन्ध्र शैया अस्पतालको निर्माण कार्य द्रुत रुपमा अगाडी बढी जेष्ठ मसान्तसम्म करिब ३०% भौतिक प्रगति भएको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आ.व. २०८१/८२ को कार्यसम्पादन मूल्यांकनमा मालिका गाउँपालिका ८१.९८ अंक सहित देशभरिका स्थानीय तहमध्ये तेस्रो र ४६० गाउँपालिकामध्ये दोस्रो स्थान हाँसिल गर्न सफल भएको छ।

- यस आ.व.मा मालिका गाउँपालिकाबासीलाई घरदैलोमा स्वास्थ्य सेवा दिने उद्देश्यले मुख तथा दाँत विशेषज्ञ शिविर, नाक-कान-घाँटी विशेषज्ञ शिविर, आँखा अप्रेशन शिविर र महिला स्वास्थ्य सम्बन्धी विशेषज्ञ शिविर सञ्चालन गरी करिब ४००० जना नागरिकहरूले प्रत्यक्ष सेवा लिनुभएको छ।
- मालिका गाउँपालिकाभित्र हालसम्म करिब ४ किलोमिटर पिच सडक, ४.९ किलोमिटर आर.सि.सि. सडक, ३२ किलोमिटर ग्राभेल सडक र करिब ५० किलोमिटर सडकको स्तरोन्नति गरिएको छ। सालझण्डी-ढोरपाटन खण्ड अन्तर्गत मालिका गाउँपालिकामा पर्ने सडकको १२ किलोमिटरमध्ये ३५% भौतिक प्रगति भएको छ। सिलादी-घमिर-अर्खावाङ्ग पहुँचमार्गको प्रगति समेत सन्तोषजनक छ।
- मालिका गाउँपालिका कक्षा ५ को ९५%, कक्षा ८ को ९५%, कक्षा १० को ६९% र कक्षा १२ को परिक्षामा ७६% नतिजा ल्याउन सफल भएको छ।
- कृषि तथा पशु विकासमा आधारित उद्यमशीलता परियोजना अन्तर्गत ३९ वटा बाख्राको खोर निर्माण, तरकारी तथा घाँसको विउपल वितरण, करिब १९० प्लाष्टिक टनेल वितरण, करिब ५५०० मिटर सिँचाइ पाइप वितरण, करिब २०५ थान मौरी घार वितरण, करिब २५००० अलैंची र सुन्तला विरूवा वितरण, जिउँदो तौलका खसी, बोका वितरण, उन्नत नश्लका राँगा वितरण, कृत्रिम गर्भाधान तालिम, पशु वस्तुका लागि औषधी वितरण तथा पशु स्वास्थ्य शिविर सञ्चालन, गँड्यौले मल निर्माणमा सहयोग, वडा नं-०२ मा बेसार उद्योग सञ्चालन लगायतका कार्यक्रम संचालन भएका छन् ।

**सभा सदस्यज्यूहरू,**

**अब म मालिका गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु,**

## <u>कृषि तथा पशुपन्छी विकास</u>

१. मालिका गाउँपालिकाभित्र रहेका युवा उद्यमी तथा कृषकहरूको जीविकोपार्जनमा सुधार गर्न कृषि तथा पशुपालनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउने उद्देश्यले कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता विकास परियोजनालाई निरन्तरता दिई उत्पादन तथा उत्पादकत्व वृद्धि, आयमूलक कार्यक्रम र बजारीकरणमा जोड दिइनेछ।

२. गाउँपालिकाका सबै वडामा "एक वडा, एक उत्पादन (अर्गानिक तथा रैथाने बाली संरक्षण) कार्यक्रम" सञ्चालन गरी जैविक खेतीलाई प्रोत्साहन गरिनेछ। मानव स्वास्थ्य, खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धनका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा साझेदार संस्थाहरूसँगको सहकार्यमा जैविक मल, झोल मल, गोठेमल तथा गँड्यौले मल उत्पादनलाई प्रोत्साहन गरी उत्पादकत्व अभिवृद्धि गरिनेछ।

३. कृषि अनुदान वितरण प्रणालीलाई पारदर्शी, उत्तरदायी तथा समन्यायिक बनाउन कृषकको मागमा आधारित अनुदान वितरणको व्यवस्था गर्दै कृषकको समान पहुँच सुनिश्चित गरिनेछ। व्यवसायिक कृषकहरूलाई बैंक तथा वित्तीय संस्थासँगको सहकार्यमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरी व्यवसायिक ऋणको लागि ब्याज अनुदान कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

४. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्दै उनीहरूको ज्ञान, सीप तथा पूँजीको उपयोग गर्न प्रविधि हस्तान्तरण, उत्पादन सामग्रीको सहयोगसहित कृषि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषि उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ आयोजना कार्यक्रम, थोपा सिँचाइ कार्यक्रम, मल्चिङ प्रविधि तथा आधुनिक कृषि प्रविधिको विस्तार गरिनेछ।

६. व्यवसायिक कृषि तथा पशुपालन फर्म स्थापना गर्न निजी क्षेत्र तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्राकृतिक प्रकोप, वन्यजन्तु तथा अन्य प्रतिकूल कारणबाट कृषि तथा पशुपालन क्षेत्रमा हुने क्षतिको व्यवस्थापनका लागि **"बाली तथा पशुधन संरक्षण कोष"** स्थापना गरी सञ्चालन गरिनेछ। तथा सोही कोषमार्फत कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

७. चियाको उत्पादन, प्रशोधन, बजारीकरण तथा विविधीकरणको सम्भाव्यताको अध्ययन गरी उपयुक्त वडाहरूमा नमुना परियोजना सञ्चालन गरिनेछ।

८. कृषकका खेतबारी तथा गोठसम्म प्राविधिक सेवा पुर्‍याउने उद्देश्यले विज्ञसहितको कृषि तथा पशुजन्य सेवा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

९. अलैंची, कफी, टिमुर, चिया, ओखर, अदुवा, फापर लगायतका नगदेबालीको व्यवसायिक खेतीलाई प्रोत्साहन गरिनेछ। आयातित चिनी तथा तेलको परनिर्भरता घटाउन उखु तथा तोरी खेती गर्ने कृषकहरूलाई अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. निर्वाहमुखी कृषिलाई आधुनिक तथा व्यवसायिक बनाउन कृषि पकेट क्षेत्रबाट उत्पादित वस्तु बजारसम्म सहज रूपमा पुर्‍याउन बाह्रै महिना सञ्चालनयोग्य ग्रामीण

कृषि सडकहरूको विकास तथा स्तरोन्नति गरिनेछ। कृषि सङ्कलन केन्द्रहरूको स्थापना तथा सञ्चालन गरी कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको सुनिश्चितता गर्ने नीति अवलम्बन गरिनेछ।

११. गाउँपालिकाका विभिन्न वडामा आवश्यकताका आधारमा व्यवसायिक बाख्रापालन तथा स्थानीय जातका बङ्गुरपालन कार्यक्रम सञ्चालन गरी बजारीकरण गरिनेछ।

१२. रैथाने जातका गाई, भैंसी तथा बाख्राको उत्पादकत्व वृद्धि गर्न निःशुल्क कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१३. कृषि सङ्कलन केन्द्रहरूको स्थापना तथा सञ्चालन गरी कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको सुनिश्चितता गर्ने नीति अवलम्बन गरिनेछ।

१४. गाईभैंसीमा खोरेत तथा भ्यागुते, बाख्रामा पी.पी.आर. र बङ्गुरमा स्वाइन फिभरविरुद्ध निःशुल्क खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। थुनेलो तथा बाँझोपन निवारण कार्यक्रम सञ्चालन गरी पशुआहार प्रवर्द्धनका लागि डालेघाँस तथा उन्नत जातका घाँसको बीउ वितरण गरिनेछ।

१५. "पाडी संरक्षण अभियान" अन्तर्गत पहिलो बेत ब्याउने भैंसीका लागि प्रदान गर्दिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै एक हल गोरु पाल्ने कृषकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। पाडापाडी, पाठापाठी तथा कुखुराका चल्ला हुर्काउने कार्यक्रम सिमान्तकृत समुदायलाई लक्षित गरी नमुना कार्यक्रमका रूपमा सञ्चालन गरिनेछ।

१६. पशुपन्छीको दाना उत्पादनमा प्रयोग हुने मकै, कोदो, धान लगायतका पशुपन्छीको आहार स्थानीय स्तरमै उत्पादन तथा उपलब्ध गराउने उद्देश्यले सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा पशुपन्छीआहार तथा दाना उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१७. गाउँपालिका र कृषकहरूको संयुक्त लागत साझेदारीमा कृषि मेशिनरी उपकरणहरू, टनेल पूर्वाधार निर्माण, कृषि प्रविधि हस्तान्तरण एवं जंगली बँदेल आतंक नियन्त्रण गर्न तारबार गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। व्यवसायिक कृषकहरूलाई गोलासहितको मौरीघार वितरण गर्दै मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. कृषकहरूको उत्पादनलाई कृषि संकलन केन्द्र तथा सहकारीमार्फत उचित बजारीकरणको नीति अवलम्बन गरिनेछ। कृषक तथा युवाहरूको मागका आधारमा

कृषिजन्य यान्त्रिक उपकरणको मर्मत संभार तथा कृषिसँग सम्बन्धित तालिमहरूको व्यवस्था गरिनेछ।

१९. स्थानीयस्तरमा बाँझो रहेका जमिन तथा खेति गर्न छाडिएका जग्गाहरूमा व्यवसायिक कृषि तथा पशुपालन गर्न चाहने कृषकहरूलाई भूमि बैंक मार्फत करार खेतिका लागि लिजमा लिने नीति अवलम्बन गरिनेछ।

२०. वन कार्यालयको समन्वयमा स्थानीय जडिबुटीहरू रोपण, उत्पादन, संरक्षण र सम्वर्द्धनको लागि कृषकको क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ। तरकारीमा आत्मनिर्भरको लागि **"एक घर एक करेसाबारी कार्यक्रम"**, व्यवसायिक पशुपालक कृषकहरूलाई **"डाले घाँस तथा भुँई घाँसका विरूवा वितरण तथा उत्पादन कार्यक्रम"** सञ्चालन गरिनेछ।

## उद्योग, पर्यटन, व्यवसाय, सहकारी तथा भूमि प्रशासन

२१. गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका स्थलहरूको पहिचान, संरक्षण, संवर्द्धन तथा विकासमा जनसहभागिता परिचालन गरिनेछ। सानिदह, लेकपोखरा, तिखेचुली, ज्यामिरे गुफा, बुढिकोट डाँडा, विनोद स्मृति पार्क, मदाने लेक, मालिका मन्दिर, मालिका पिस पार्क, चमेरे गुफा, भिर्लेमेला, कुमाल गाउँ मन्दिर, योगीकुटि, थानापति मन्दिर, मर्भुङ्ग कोट लगायतका पर्यटकीय स्थल तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि टोल विकास संस्था, आमा समूह, युवा क्लब, संघ—संस्था तथा स्थानीय समुदायलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ। मालिका पिस पार्कलाई आन्तरिक र बाह्य पर्यटनको आकर्षणको रुपमा विकास गर्न थप पर्यटकीय पूर्वाधार निर्माण तथा फ्रि-वाइफाई जोनका रुपमा विकास गरी थप व्यवस्थित बनाइनेछ।

२२. मालिका पिस पार्क-सानीदह-मालिका मन्दिर पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। मालिका गाउँपालिका भित्रका सामाजिक, सांस्कृतिक मूर्त र अमूर्त सम्पदा एवम् सबै वडाहरूमा अवस्थित पर्यटकीय स्थलहरूको चिनारी झल्काउन आवश्यक कार्यहरू गर्ने नीति लिइनेछ। मालिका गाउँपालिका भित्र प्याराग्लाइडिङ्ग, बन्जी जम्प, जीपलाईन लगायतका साहसिक पर्यटनको अवसर र संभावनाको अध्ययन गरी सञ्चालन गर्न निजी क्षेत्रसँग आवश्यक सहकार्य गरी अगाडी बढाइनेछ।

२३. अर्गानिक खाद्यान्न, तरकारी, दूध, आलु, मकै, कोदो, गहुँ, धान लगायतका कृषि उत्पादनमा सफल कृषक, कृषि फर्म तथा गाउँ–टोललाई होमस्टेसँग आबद्ध गरी कृषि पर्यटनको विकासका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

२४. विभिन्न जातजातिको धर्म, संस्कृति, रीतिरिवाज तथा जीवनशैलीको संरक्षण र प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न पर्यटकीय पूर्वाधार निर्माण तथा व्यवस्थापनमा सरोकारवाला संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

२५. गरिबी न्यूनीकरण तथा स्वरोजगार प्रवर्द्धनका लागि लघु उद्यम विकास मोडेलमार्फत नयाँ उद्यम सिर्जना गर्न इलेक्ट्रिसियन, प्लम्बिङ, हेयर कटिङ, सिलाइ–कटाइ, बुटिक, सेनिटरी प्याड उत्पादन, पेन्टिङ लगायत स्थानीय बजारको आवश्यकता अनुसारका सीपमूलक तालिम सञ्चालन गरिनेछ।

२६. परम्परागत रूपमा सञ्चालन हुँदै आएका जीविकोपार्जनमुखी पेशालाई आधुनिक प्रविधिसँग आबद्ध गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ। आरन सुधार कार्यक्रम, डोको, डालो, मान्द्रो, ठेकी लगायत परम्परागत सामग्रीको संरक्षण, प्रवर्द्धन तथा व्यवसायीकरणलाई निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ।

२७. पाहुनाघर र होमस्टेको विकासका लागि निजी व्यवसायीसँग समन्वय गरी ग्रामीण पर्यटन प्रवर्द्धनको लागि पाहुनाघर र होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता, परम्परागत पेशा र स्थानीय उत्पादनसँग आबद्ध गरिनेछ।

२८. गाउँपालिका भित्र उद्योग स्थापना गर्न इच्छुक उद्यमीहरूलाई कच्चा पदार्थको उपलब्धता तथा निकासी प्रक्रियामा आवश्यक सहजीकरण गराउने नीति अवलम्बन गरिनेछ।

२९. दिगो रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनलाई प्राथमिकतामा राखी **"मिसन रोजगारी–दिगो रोजगारी"** कार्यक्रम अन्तर्गत उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३०. स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित लघु, घरेलु तथा नवप्रवर्तनशील उद्योगहरूको प्रवर्द्धन गरिनेछ। प्रविधिमा पहुँच विस्तार तथा व्यवसायिक क्षमता विकासमार्फत उद्यमहरूको प्रतिस्पर्धात्मकता र आम्दानी वृद्धि गरिनेछ।

३१. सहकारी संस्थाहरूको सुदृढीकरण, विकास तथा प्रवर्द्धनका लागि नियमित अनुगमन, निरीक्षण तथा नियमनको प्रभावकारी व्यवस्था गरिनेछ।

३२. सहकारी संघ तथा संस्थाहरूसँग सहकार्य गरी सार्वजनिक–निजी–सहकारी साझेदारी मोडलमा उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

३३. सहकारी संस्थासँग सम्बन्धित अभिलेखहरू अद्यावधिक गरिनेछ। साना किसान तथा न्यून आय भएका नागरिकसँग आबद्ध सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

३४. साना किसान तथा बचत तथा ऋण सहकारी संस्थामार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

३५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनका लागि जिल्ला भूमि समस्या समाधान समितिसँग सहकार्य गरी यथाशीघ्र जग्गाधनी प्रमाण—पुर्जा वितरणको प्रक्रिया अगाडि बढाइनेछ। साथै खरको छाना भएका घरधुरीलाई सुरक्षित नागरिक आवास कार्यक्रममार्फत लाभान्वित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३६. हाल मालपोत तथा नापी कार्यालयबाट प्रदान हुँदै आएका भूमि प्रशासनसम्बन्धी सेवाहरू सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय गरी गाउँपालिकाबाटै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक जनशक्ति, प्रविधि तथा प्रणाली व्यवस्थापन गरी जग्गा पास, कित्ताकाट लगायतका सेवाहरू क्रमशः गाउँपालिकाबाट सञ्चालन गरिनेछ।

<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

३७. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न, पानीका मुहानहरूको संरक्षण गर्न तथा पहिरो नियन्त्रणका लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। जोखिममा रहेका बस्ती तथा खेतीयोग्य जमिनको संरक्षणका लागि प्राथमिकताका आधारमा पहिरो नियन्त्रण तथा व्यवस्थापन कार्य गरिनेछ र यसमा रैथाने तथा परम्परागत प्रविधिलाई विशेष प्राथमिकता दिइनेछ।

३८. विद्युत् आपूर्तिमा समस्या भएका वडाहरूमा नियमित तथा भरपर्दो विद्युत् सेवा उपलब्ध गराउन नेपाल विद्युत् प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ। साथै चट्याङबाट हुने क्षति न्यूनीकरणका लागि आधुनिक प्रविधि जडान गर्न नेपाल विद्युत प्राधिकरण लगायत सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिनेछ। विपन्न परिवारलाई विद्युत् सेवामा पहुँच विस्तार गर्न विशेष पहल गरिनेछ।

३९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास योजनाको अभिन्न अंगका रूपमा आन्तरिकीकरण गरिनेछ। विपद् पूर्वतयारी, उद्धार, राहत, पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिँदै प्रभावकारी कार्यान्वयन गरिनेछ।

४०. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, उत्पादन तथा बजारीकरणमार्फत ग्रामीण समुदायको आयआर्जन वृद्धि गर्न वन पैदावार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४१. विपद् व्यवस्थापन कोषलाई थप सुदृढ बनाई विपद् प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ। चटयाङ, बाढी, पहिरो, खोल्सा तथा खहरेबाट प्रभावित खेतीयोग्य जमिन, बस्ती तथा जोखिमयुक्त क्षेत्रहरूको संरक्षणका लागि ढल तथा नाला व्यवस्थापन, वर्षायाममा पानी निकासको उचित प्रबन्ध तथा तटबन्ध निर्माण कार्यलाई समेत प्राथमिकता दिइनेछ।

४२. वडा स्तरीय विपद् व्यवस्थापन समितिको सक्रियतामा समुदाय, टोल विकास संस्था, विद्यालय, नेपाल प्रहरी, स्वास्थ्य संस्था लगायत सरोकारवाला निकायको सहभागितामा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतनामूलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

४३. वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई विस्तार गर्दै जैविक विविधता संरक्षण, वनको दिगो व्यवस्थापन, रोजगारी सिर्जना तथा राजस्व वृद्धि मार्फत स्थानीय समृद्धिमा योगदान पुऱ्याइनेछ। वन संरक्षण, विपद् न्यूनीकरण तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व अभिवृद्धिका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

४४. फोहरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानको पहिचान गरी आधुनिक तथा प्रविधिमैत्री फोहरमैला व्यवस्थापन केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ।

४५. वनमारा, मिचाहा झार, तितेपाती लगायतका आक्रामक प्रजातिको व्यवस्थापन गर्दै सामुदायिक वनसँगको सहकार्यमा जैविक मल उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। यसलाई आयआर्जन तथा वातावरण संरक्षणसँग जोड्दै जैविक मल उत्पादन उद्योग स्थापनाको नीति अवलम्बन गरिनेछ।

४६. दिगो विकासका लक्ष्यहरूलाई स्थानीय तहका कार्यक्रमहरूसँग तादत्म्यता गर्दै दिगो विकासको स्थानीयकरणको नीति अवलम्बन गरिनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा

४७. मालिका गाउँपालिकामा बालमैत्री स्थानीय शासन सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण, पालनपोषण तथा अभिभावकत्व ग्रहण गर्ने नीति अवलम्बन गरिनेछ।

४८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार तथा भेदभाव अन्त्य गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि हुने हिंसाप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

४९. महिलाहरूको उद्यम विकास, सीप विकास तथा नेतृत्व विकासमा सहयोग पुर्‍याउँदै स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगतर्फ आकर्षित गरिनेछ। उत्पादित वस्तुको बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गरी थप कार्यक्रम सञ्चालन गरिनेछ।

५०. गाउँपालिकाभित्र सञ्चालनमा रहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरूलाई थप सुविधा सम्पन्न बनाइनेछ। आवश्यकता र उपयुक्तताका आधारमा नमूना ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ। ज्येष्ठ नागरिक, युवा तथा बालबालिकाबीच अन्तरपुस्तागत ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्ने केन्द्रका रूपमा यी केन्द्रहरूलाई विकास गरिनेछ।

५१. गाउँपालिकालाई पोषणमैत्री, वातावरणमैत्री तथा युवामैत्री स्थानीय तह घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५२. **"मालिकाका महिला उद्यममा पहिला"** भन्ने नारालाई सार्थक बनाउन महिला उद्यमशीलता तथा व्यावसायिकता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

५३. घटना दर्ता तथा पञ्जीकरण सम्बन्धी गुनासा र जटिल विषयहरूको सहजीकरणका लागि पञ्जीकरण शाखालाई आधुनिक तथा प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई सुरक्षित, सहज र व्यवस्थित बनाइनेछ।

५४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा बैंकसम्म पुग्न असमर्थ व्यक्तिहरूका लागि घरदैलोमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको बायोमेट्रिक प्रणालीमार्फत नवीकरण गर्ने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

५६. व्यक्तिगत घटना दर्ता सप्ताहलाई वडा तहमा विशेष अभियानका रूपमा सञ्चालन गरिनेछ। लैंगिक समानता तथा सशक्तीकरणको क्षेत्रमा पहिचान भएका विद्यमान १२ वटा जल्दाबल्दा समस्याहरू सम्बन्धी बेईजिङ् घोषणा १९९५ सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

<u>न्यायिक समिति</u>

५७. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार, कर्तव्य तथा जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गरिनेछ। न्यायिक समितिको कार्यलाई वस्तुपरक, पारदर्शी तथा प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ। विवाद समाधानका वैकल्पिक उपाय तथा मेलमिलापसम्बन्धी प्रक्रियालाई थप स्पष्ट र व्यवस्थित बनाइनेछ। आवश्यक कानुन, कार्यविधि तथा मापदण्डको अध्ययन, अनुसन्धान र मस्यौदा तयारी गरिनेछ। स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र नागरिकमैत्री बनाउँदै न्यायिक समितिमा सर्वसाधारणको पहुँच अभिवृद्धि गरिनेछ।

५८. प्रत्येक वडामा रहेका मेलमिलापकर्ताहरूलाई विवाद निरूपण तथा मेलमिलापका आधारभूत सिद्धान्तसम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ। न्यायिक समितिका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरीको जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरिनेछ। न्यायिक निरूपण कार्यमा वादी र प्रतिवादी दुवै पक्षलाई लाभ पुग्ने **"विन—विन" (WIN-WIN)** सिद्धान्त अवलम्बन गरिनेछ।

<u>सार्वजनिक सेवा प्रवाह तथा सुशासन</u>

५९. ग्रामीण क्षेत्रलाई समेत विशेष ध्यान दिँदै सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, चुस्तता, लागत—प्रभावकारिता तथा पूर्वानुमानयोग्यता सुनिश्चित गरी नागरिकलाई सुशासनको अनुभूति दिलाउने नीति अवलम्बन गरिनेछ।

६०. गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई सरल, सहज र प्रविधिमैत्री बनाउन फेसलेस सेवा प्रणाली, डिजिटल टोकन, ई—फाइल तथा एकल विन्दु सेवा प्रणाली, बेरुजू अद्यावधिक प्रणाली अवलम्बन गरिनेछ।

६१. मालिका गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६२. सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने व्यवस्था मिलाइनेछ।

६३. कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल प्रविधि, साइबर सुरक्षा तथा सामाजिक सञ्जालको सुरक्षित प्रयोग सम्बन्धी युवामैत्री तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६४. नगर प्रहरीको क्षमता अभिवृद्धिका लागि अनुसन्धान, आधुनिक प्रविधि, बजार अनुगमन तथा विपद् व्यवस्थापन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६५. गाउँपालिकाको आय—व्यय विवरण मासिक रूपमा सार्वजनिक गरिनेछ। साथै गाउँपालिकाबाट चौमासिक रूपमा तथा प्रत्येक वडाबाट वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। चौमासिक तथा अर्धवार्षिक प्रगति समीक्षा नियमित रूपमा गरिनेछ।

६६. राष्ट्रसेवक कर्मचारीहरूमा समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा हासिल गर्ने, जिम्मेवारी बहन गर्ने तथा सेवाभावयुक्त कार्यसंस्कृतिको विकास गरिनेछ। ज्ञान, सीप तथा पेशागत मर्यादाको संरक्षण गर्दै पालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

६७. गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारसम्बन्धी यथार्थ अवस्था झल्कने गरी खण्डीकृत तथ्याङ्कसहितको पालिका पाश्र्वचित्र (Profile) तयार गरिनेछ।

६८. **"स्थानीय सरकारको टेवा, घरदैलोमै सेवा"** अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै स्वास्थ्य शिविर, पशु सेवा शिविर लगायतका एकीकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र अनुभव आदानप्रदानलाई सुदृढ बनाउन अन्तरसरकारी समन्वय मञ्च तथा अन्तरपालिका संवाद मञ्चलाई निरन्तरता दिइनेछ।

७०. गाउँपालिकाभित्र रहेका सबै वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा उच्च गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहलाई व्यवस्थित र प्रविधिमैत्री

बनाइनेछ। गाउँपालिकाका ८ वटै वडा र स्वास्थ्य संस्थाहरूमा डिजिटल बोर्ड, डिजिटल नागरिक बडापत्र, इ-लाइब्रेरीको व्यवस्था गर्ने नीति अपनाइनेछ।

७१. महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजुहरू क्रमशः फछ्यौंट गरी शून्य बेरुजुतर्फ उन्मुख हुने नीति अवलम्बन गरिनेछ तथा प्राप्त सुझावहरू कार्यान्वयन गरिनेछ।

७२. मुख्य बजार क्षेत्र तथा महत्वपूर्ण सार्वजनिक स्थानहरूको सुरक्षालाई ध्यानमा राख्दै सिसिटिभी क्यामेरा जडान गरी प्रहरी चौकीमार्फत निगरानी व्यवस्था सुदृढ गरिनेछ। साथै विभिन्न संघसंस्था, आमा समूह, युवा क्लब, सांस्कृतिक समूह, महिला समूह तथा सामाजिक संस्थासँग समन्वय गरी गाउँपालिकाको समग्र विकास र सुशासन प्रवर्द्धन गरिनेछ।

७३. कठोर भौगोलिक स्वरूपका कारण वडा नं. ०२ र वडा नं. ०५ मा मुख्य वडाकार्यालयबाट सेवा लिन कठिनाई पुगेको हुनाले वडा कार्यालयको सेवा विस्तार केन्द्रका रुपमा वडा नं ०२ मा च्यानडाँडा, र वडा नं ०५ मा छापबाट हप्तामा दुई दिन सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

७४. मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनलाई सुदृढ बनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गरिनेछ। मानव अधिकार उल्लङ्घनप्रति शून्य सहनशीलताको नीति अपनाइनेछ।

७५. **"बनाउनु छ आफ्नै ठाउँ, फर्कि आउ हे प्यारा प्यारी आफ्नै गाउँ"** अभियानलाई सार्थक बनाउन गाउँपालिकामा फर्किने मालिकावासीहरूलाई माग र आवश्यकता अनुसार विशेष प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। बजार अनुगमन कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउँदै खाद्य सुरक्षामा विशेष ध्यान दिइनेछ।

## श्रम तथा रोजगारी

७६. रोजगारीका क्षेत्रहरूको पहिचान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना तथा प्रवर्द्धन गर्न सरोकारवालाहरूसँग समन्वय गरिनेछ।

७७. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई श्रम बैंकका रूपमा स्थापना गरी गाउँपालिका भित्रका अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारलाई सूचीकृत गरिनेछ तथा गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरूमा त्यस्ता व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

७८. गाउँपालिका क्षेत्रभित्रका बेरोजगार तथा रोजगारीको खोजीमा रहेका नागरिकहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिनेछ।

७९. वैदेशिक रोजगारीबाट फर्केर आएका श्रमिकहरूको सीप पहिचान गरी स्थानीय तहमा स्वरोजगारमूलक कार्यमा संलग्न गराउन आवश्यक पहल गरिनेछ। स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

८०. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन्। वैदेशिक रोजगारीलाई थप सुरक्षित र सीपयुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सीप र पूँजीको अधिकतम उपयोग गरी गाउँमै व्यवसायीकरण गर्न उनीहरूको सामाजिक तथा आर्थिक पुनःएकीकरणका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन्।

८१. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८२. “श्रमको सम्मान, राष्ट्रको अभियान” भन्ने राष्ट्रिय नारालाई आत्मसात् गर्दै मालिका गाउँपालिकाले “स्थानीय श्रम र सीपको कदर, आन्तरिक रोजगारी सिर्जना र कृषि, पर्यटन तथा पूर्वाधारको दिगो विकासमार्फत समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने” नीति अवलम्बन गर्नेछ।

८३. कन्सुलर तथा कानुनी परामर्श सेवाहरू, जस्तै वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको खोजतलास तथा उद्धार, विदेशमा मृत्यु भएका श्रमिकहरूको शव झिकाउने, व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीमा गएका श्रमिकहरूसँग सम्बन्धित भवितव्यजन्य घटनाका अवस्थामा रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत सहजीकरण गरिनेछ। यस्ता कार्यका लागि केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

८४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि पुनः श्रम स्वीकृतिको कार्य गाउँपालिकाको रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत प्रदान हुँदै आएकोमा यस कार्यलाई थप प्रभावकारी बनाउँदै वडाबाटै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

८५. गाउँपालिका अन्तर्गतका युवाहरूलाई लक्षित गरी मागमा आधारित सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी विभिन्न तालिमहरू सञ्चालन गरिनेछन्। साथै, सीप सिक्न चाहने युवाहरूलाई विभिन्न तालिम प्रदायक संस्थासँग समन्वय गरी निःशुल्क तालिमको व्यवस्था मिलाइनेछ।

८६. हाल रहेको रोजगार सेवा केन्द्र “रोजगार, सीप तथा उद्यमशीलता केन्द्र” का रूपमा रूपान्तरण भएको सन्दर्भमा सो केन्द्रबाट रोजगारविहीनहरूको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सीप तथा सोको माग नक्साङ्कन, तालिम समन्वय, उद्यमशीलता सहजीकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनःएकीकरणसम्बन्धी कार्यहरू सञ्चालन गर्न केन्द्रलाई संघ तथा प्रदेश सरकारसँग समन्वय गरी थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।

**शिक्षा**

८७. मालिका गाउँपालिकाबाट सबै प्रकारका बाल हिंसा तथा बाल शोषण उन्मूलन गर्ने, बाल सहभागिता, बाल विकास, बाल बचाउ तथा बाल संरक्षणका क्षेत्रमा उल्लेखनीय अभियान सञ्चालन गर्ने र गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाका रूपमा स्तरोन्नति गर्ने नीति अवलम्बन गरिनेछ। साथै, बालबालिकाका लागि दुर्घटना बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

८८. मालिका गाउँपालिकाभित्र जन्म भई सम्बन्धित वडामा जन्मदर्ता गराएका बालबालिकाहरूलाई **“मालिका नवजात शिशु सुनौलो भविष्य कोष”** सञ्चालनमा ल्याइनेछ।

८९. शिक्षा क्षेत्रको भौतिक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन तथा शिक्षण—सिकाइ सुधारका क्षेत्रमा यु.डब्लु.एस. लगायत अन्य गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

९०. शैक्षिक सत्र २०८३ लाई शैक्षिक सुधारको उत्कृष्ट वर्षका रूपमा मनाउन कक्षाकोठामा क्रमशः स्मार्ट बोर्ड, बुक कर्नर तथा शिक्षक वर्कस्टेसनको व्यवस्था गर्ने कार्य अभियानका रूपमा थालनी गरिनेछ। साथै, शिक्षण योजना तथा शैक्षिक सामग्रीसहितको शिक्षण सुनिश्चित गरिनेछ।

९१. सबै विद्यालयमा क्रमशः न्यूनतम सुविधासहितका कम्प्युटर ल्याब, पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

९२. विद्यार्थीहरूका तत्काल सम्बोधन गर्नुपर्ने माग तथा आवश्यकताहरू सम्बोधन गर्न **“अध्यक्षसँग विद्यार्थी”** कार्यक्रम तथा गाउँपालिकाको शैक्षिक अभियानमा अभिभावकहरूलाई जोड्न अभिभावक सचेतनाका लागि **“अभिभावकसँग उपाध्यक्ष”** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९३. विद्यमान विद्यालय भवनहरूको भौतिक अवस्था परीक्षण गरी जोखिमयुक्त भवनहरू विस्थापन गर्ने तथा अत्यावश्यक विद्यालयहरूमा भवन निर्माण गरिनेछ।

९४. विद्यालयमा सरसफाइ, खानेपानी, दिवा खाजा, बालबालिका स्वास्थ्यसँग सम्बन्धित खोप, पोषणलगायतका क्षेत्रमा व्यापक सुधार गर्ने नीति अवलम्बन गरिनेछ।

९५. कक्षा १० को नतिजा सुधारका लागि अर्धआवासीय छात्रावास कार्यक्रम तथा कक्षा ५ र ८ को नतिजा सुधारका लागि सुधारात्मक तथा द्रुत सिकाइ योजना सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

९६. दरबन्दी रिक्त हुने विद्यालयमा तुरुन्त जनशक्ति आपूर्ति गर्न शिक्षक बैंक निर्माण गरिनेछ। शिक्षक बैंकमा शिक्षक उपलब्ध नभएको अवस्थामा अस्थायी तथा करार शिक्षक छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी ढङ्गले सञ्चालन गरिनेछ।

९७. शिक्षामार्फत बालबालिकाहरूमा उचित संस्कार, श्रमप्रतिको सम्मान, सिर्जनशीलता, सहयोगीपन तथा सहकार्यको भावना विकास गर्न सबै विद्यालयहरूमा करेसाबारी, फूलबारी निर्माण तथा सीपमूलक जीवनोपयोगी तालिम प्रदान गरिनेछ। साथै, पढ्दै—कमाउँदै कार्यक्रम लागू भएका विद्यालयहरूमा यसको निरन्तरता दिइनेछ।

९८. विद्यालयमा स्थापना गरिएका बालमैत्री पूर्वाधार, खानेपानी, भित्तेलेखन, विद्यालय परिसरका फूल, बिरुवा तथा अन्य भौतिक संरचनाहरू सुरक्षित राख्न सबै विद्यालय वरिपरि घेराबार गरिनेछ। साथै, सबै विद्यालयहरूलाई समान दृष्टिमैत्री रङरोगन गरी शैक्षिक थलो सुन्दर बनाउने नीति अवलम्बन गरिनेछ।

९९. विद्यालय, शिक्षक, विद्यार्थी तथा समुदायबीच स्वस्थ प्रतिस्पर्धाको भावना सिर्जना गरी मालिका गाउँपालिकाको शिक्षालाई अन्य स्थानीय तहको शिक्षासँग तुलनायोग्य बनाउन स्तरीकृत परीक्षाको नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकलाई सम्मान गर्ने नीति अपनाइनेछ। गाउँपालिकाको शैक्षिक सुधार अभियानमा उच्चतम योगदान पुऱ्याउने शिक्षक तथा कर्मचारीहरूलाई अध्ययन अवलोकन भ्रमणको अवसरसमेत प्रदान गरिनेछ। पूर्वप्राथमिक तहदेखि कक्षा ८ सम्मको शिक्षालाई सुदृढ गर्न यु.डब्लु.एस.सँगको साझेदारीमा शून्य शैक्षिक गरिबी (ZEP) कार्यक्रम सञ्चालन गरिनेछ।

१००. युवा तथा विद्यार्थीहरूमा विज्ञान तथा प्रविधिप्रतिको रुचि प्रवर्द्धन गर्न विज्ञान तथा नवप्रवर्तन क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ। विद्यार्थीहरूको सीप अभिवृद्धिका लागि विभिन्न जीवनोपयोगी सीपसहितको स्किल अप प्याकेज (**Skill Up Package**)

प्रदान गरिनेछ। यसका लागि रेडक्रस, स्काउट तथा रोटरी क्लबजस्ता संस्थाहरूसँग समन्वय गरिनेछ।

१०१. गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा शिक्षक दरबन्दीको न्यायोचित वितरण गरी सबै विद्यालयका विद्यार्थीहरूले दक्ष शिक्षकबाट शिक्षा प्राप्त गर्ने वातावरण सुनिश्चित गरिनेछ। साथै, राष्ट्रको सीमित स्रोतको अधिकतम उपयोग गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न आवश्यकताका आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजनको नीति अवलम्बन गरिनेछ।

१०२. विद्यालय शिक्षाभन्दा बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई अनौपचारिक, अनियमित तथा वैकल्पिक शिक्षामार्फत कम्तीमा आधारभूत तह पूरा गराउन सामुदायिक सिकाइ केन्द्र तथा अन्य गैरसरकारी संस्थाहरूलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ। निरक्षर प्रौढहरूलाई अनौपचारिक शिक्षामार्फत साक्षर बनाइनेछ। गाउँपालिकामा रहेका विशेष शिक्षा आवश्यक पर्ने बालबालिकाहरूलाई सोही प्रकृतिको शिक्षामा पहुँच पुऱ्याउने नीति लिइनेछ।

१०३. तालिकाबद्ध सुपरीवेक्षण, अनुगमन, गुनासो सुनुवाइ, सामाजिक परीक्षण तथा लेखा परीक्षणका माध्यमबाट विद्यालयका शैक्षिक तथा प्रशासकीय सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, जवाफदेही र सुशासनयुक्त बनाइनेछ।

१०४. विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गर्न वार्षिक तथा आन्तरिक मूल्याङ्कनका विधिहरूको प्रभावकारी प्रयोग गरिनेछ। गाउँपालिकास्तरबाट सञ्चालन हुने कक्षा ५ र ८ का परीक्षाहरूलाई व्यवस्थित गरिनेछ।

१०५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालय, गैरसरकारी संस्था तथा सामुदायिक सिकाइ केन्द्रमार्फत अभियान सञ्चालन गरिनेछ।

१०६. शिक्षक दरबन्दी अभावका कारण विद्यालयको पठनपाठनमा पर्ने असहजताको समाधान गर्न विद्यालयलाई प्रदान गरिएको शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ। विद्यालयमा अस्थायी रूपमा सिर्जना हुने शिक्षक अभावलाई स्वयंसेवक शिक्षकको व्यवस्थामार्फत समाधान गरिनेछ।

१०७. विपन्न, दलित, अपाङ्गता भएका तथा सिमान्तकृत समुदायका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

१०८. शिक्षकहरूको पेशागत तथा प्रविधि प्रयोग क्षमता अभिवृद्धिका लागि क्षमता विकास तालिमको आयोजना गरिनेछ। यस्ता तालिममा कृत्रिम बौद्धिकता (Artificial Intelligence) सम्बन्धी ज्ञान तथा सीपसमेत प्रदान गरिनेछ। विद्यालय शिक्षण

सिकाइलाई व्यवहारिक, प्रयोगात्मक तथा जीवनोपयोगी बनाउन समयानुकूल क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

१०९. विद्यालय तहका मूल्याङ्कन प्रक्रियालाई व्यवहारिक, वस्तुनिष्ठ र नियमित बनाई विद्यार्थीहरूलाई समयमै पृष्ठपोषण प्रदान गर्दै उनीहरूको क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

११०. निजी विद्यालयहरूमा भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, छात्रवृत्ति वितरण, शिक्षकहरूको पेशागत विकास तथा शुल्क निर्धारण लगायतका क्षेत्रमा अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ।

१११. विद्यालयमा हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न विद्यार्थी तथा शिक्षकहरूलाई विज्ञमार्फत विपद् पूर्वतयारी सम्बन्धी व्यवहारिक सीप सिकाउने सहितको वृहत् विद्यालय विपद् प्रतिकार्य योजना तर्जुमा गरिनेछ।

११२. विद्यालयमा रहेका सार्वजनिक सम्पत्तिहरूलाई आवश्यकताको आधारमा मर्मत, सम्भार, लिलाम तथा हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

११३. विद्यालयस्तरमा सञ्चालन हुने दिवा खाजा कार्यक्रमलाई स्थानीय स्तरमै उत्पादन भएका खाद्य सामग्रीको प्रयोगमार्फत स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ।

११४. गाउँपालिकाभित्र रहेका आध्यात्मिक ज्ञान जागरण केन्द्रलाई सकारात्मक सोँच विकास गर्ने केन्द्रको रुपमा विकास गरिनेछ।

**<u>युवा तथा खेलकुद</u>**

११५. विद्यार्थीहरूलाई रुचिअनुसार खेल क्षेत्रमा आधारभूत सीप अभिवृद्धि गर्न क्रमशः फुटबल, बास्केटबल, ब्याडमिन्टन तथा क्रिकेटका पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरिनेछ। साना बालबालिकाका लागि बालमैत्री खेल पूर्वाधार स्थापना गरिनेछ। गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।

११६. खेल क्षेत्रको विकासका लागि विस्तृत खेलकुद कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

११७. युवाहरूको खेलकुद प्रवर्द्धनका लागि “मालिका रनिङ शिल्ड प्रतियोगिता” सञ्चालन गरिनेछ।

११८. गाउँपालिकामा क्रियाशील युवा क्लबहरूलाई खेल विकास अभियानमा संलग्न गराई खेल पर्यटन प्रवर्द्धन गरिनेछ।

११९. विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

१२०. गाउँपालिकाका विभिन्न वडाहरूमा आवश्यकता र औचित्यताका आधारमा खेलकुद कभर्ड हल निर्माण गरिनेछ।

**<u>स्रोत व्यवस्थापन तथा राजस्व परिचालन</u>**

१२१. करको दर होइन, दायरा वृद्धि गरी कर सङ्कलन गर्ने तथा करको दायरामा आउने नागरिकलाई निश्चित सूचकका आधारमा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

१२२. विगतमा गाउँपालिकाले अवलम्बन गरी हालसम्म निरन्तरता दिएका स्वीकृत करसम्बन्धी नीतिहरूलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ।

१२३. मालिका गाउँपालिकावासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणाली अवलम्बन गरी करको दरभन्दा दायरालाई प्राथमिकता दिइ सोहीअनुसार करका नीतिहरू तय गरिनेछन्।

१२४. आगामी आर्थिक वर्षमा निर्माण गरिएको राजस्व प्रशासन सुधार कार्ययोजनाअनुसार आवश्यक बजेटको व्यवस्था गरी राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ। साथै, राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरूको पहिचान गरिनेछ। राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, छिटो, छरितो तथा करदातामैत्री बनाइनेछ।

१२५. सार्वजनिक सेवावापत बुझाउनुपर्ने सबै दस्तुर तथा सेवा शुल्क क्यूआर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सकिने व्यवस्था मिलाइनेछ।

## पूर्वाधार विकासः

१२६. **"सडक पूर्वाधारको विकासः मालिकाको समृद्धिको आधार"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै गाउँपालिका भित्रका सडक सञ्जाललाई आवश्यकता, औचित्यता र सान्दर्भिकताको आधारमा व्यवस्थित गरिनेछ। साना र खुद्रे सडक निर्माण भन्दा पनि बाह्रै महिना यातायात सञ्चालन हुने दिगो र सुरक्षित सडक नीति अवलम्बन गरिनेछ।

१२७. **“योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार: दिगो विकासको पहिलो आधार"** भन्ने मान्यता अनुरुप गाउँपालिकाका रणनीतिक महत्वका सडकहरूलाई उच्च प्राथमिकता दिइनेछ। यसै क्रममा गौरवको आयोजनाको रुपमा रहेको फूलवारी चिसापानी निस्ती देउराली भिमगिठे सडक को क्रमागत स्तरोन्नतिको कार्य निरन्तरता दिइनेछ।

१२८. **अन्तर-सरकार समन्वयः** संघीय तथा प्रदेश सरकारको साझेदारी र समन्वयमा पालिका पहुचँ मार्ग-सिलादी-घमिर-अर्खावाङ्ग सडक को कालोपत्रे (Asphalt) कार्य आगामी २ वर्ष भित्र सम्पन्न गर्न विशेष पहल र पैरवी गरिनेछ।

१२९. **स्मार्ट सडक र टोल सञ्जालः** गाउँपालिकाका प्रत्येक टोल र बस्तीलाई मुख्य सडक सञ्जालमा सुरक्षित रुपमा आवद्ध गर्नका लागि "एक वडा, एक स्मार्ट सडक" कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्मार्ट सडक अन्तर्गत उपयुक्त ग्रेड, मोड सुधार, र अनिवार्य ड्रेनेज को व्यवस्था मिलाइनेछ।

१३०. आगामी आर्थिक वर्षमा अनिवार्य र संकटकालीन अवस्था बाहेक नयाँ सडकको ट्र्याक खोल्ने कार्य पूर्ण रुपमा निरुत्साहित गरिनेछ। भएका सडकको मर्मत र चौडा गर्ने कार्यमा बजेट केन्द्रित गरिनेछ। नयाँ सडक निर्माण वा स्तरोन्नति गर्दा अनिवार्य रुपमा दायाँ-बायाँ पक्की वा कच्ची नाली निर्माण गर्ने नीति लिइनेछ।

१३१. गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुरुप सडकको केन्द्ररेखा बाट दायाँ-बायाँको सीमा (Right of Way) निर्धारण गरी सडक क्षेत्रभित्र पर्ने जग्गाको नक्सा पास र अभिलेखीकरण कार्यलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ। आवश्यकताको आधारमा सडक गुरुयोजनालाई पुनरावलोकन गरिनेछ।

१३२. मालिका गाउँपालिका भित्रका प्रमुख चोक, बजार, विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालय, धार्मिक तथा पर्यटकीय स्थलतर्फ जाने मार्गहरूमा आधुनिक, रिफ्लेक्टिभ र बुझिने प्रकारका दिशा संकेत तथा सूचना पाटी को व्यवस्था मिलाइनेछ।

१३३. ठेक्काबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुको गुणस्तरियता र दीगोपना कायम गर्नको लागि लाभग्राहीहरुबाट अनुगमन समिति गठन गरी दैनिक रेखदेख र अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१३४. निर्माण भएका सडक तथा भौतिक संरचनाहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको प्रभावकारी कार्यान्वयन गरिनेछ। सडकहरुको मर्मत सम्भार गर्दा स्थानीय श्रमको उपयोग गर्नको लागि सम्भव भए सम्म लेन्थ वर्कर मार्फत गराइनेछ।

१३५. पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा विभिन्न दातृनिकाय, साझेदार संस्थासँग समन्वय गरि संचालन गरिनेछ।

१३६. आगामी आर्थिक वर्षमा अनिवार्य आवश्यकता बाहेक नयाँ सडक निर्माण गरिने छैन नयाँ सडक निर्माण गर्दा तथा पुराना सडकको स्तरोन्नति गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्ने नीति लिइनेछ। साथै Bio Engineering कार्यक्रम मार्फत सडकको दाँयाबाँया

विभिन्न प्रकारका भूक्षय नियन्त्रण गर्ने विरुवाहरुको रोपण कार्यक्रम अभियानको रुपमा अगाडी वढाइनेछ।

१३७. मालिका गाउँपालिका विपदको दृष्टिले उच्च जोखिममा रहेको, प्रत्येक वर्ष पहिरो तथा वाढीको कारण सडक अवरुद्ध हुने हुँदा स्थानीय जनशक्ति प्रयोग गरी अवरुद्ध सडकहरु खुलाउने नीतिलाई अवलम्वन गरिनेछ।

१३८. संघीय सरकारको साझेदारीमा तपशीलका आयोजनाहरुको कार्यान्वयन गरिनेछः

१३९. फूलवारी चिसापानी निस्ती देउराली भिमगिठे सडक आयोजनाको स्तरोन्नत्ति कार्यको लागि रु.७ करोड वजेट सुनिश्चित भइसकेको हुँदा उक्त सडकको स्तरोन्नती ३ वर्ष भित्रमा सम्पन्न गरिनेछ। देउराली लिलिङ्ग भिमगिठे खण्डलाई आगामी वर्षमा विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ।

१४०. सैरे हिले सुनापते साराकटेरी  सडक आयोजनाको स्तरोन्नत्ति कार्यको लागि रु.७ करोड वजेट सुनिश्चित भइसकेको हुँदा उक्त सडकको स्तरोन्नती ३ वर्ष भित्रमा सम्पन्न गरिनेछ।

**खानेपानीः**

१४१. एक घर एक धारा खानेपानी आयोजना अन्तरगत संघ र प्रदेश सरकारको समन्वयमा सम्पूर्ण वडाहरुमा खानेपानीको व्यवस्था मिलाईनेछ। एक घर एक धारा खानेपानीको कार्यक्रम सम्पन्न भएका आयोजनाहरु संस्थागत रुपमा विकास गरी उक्त आयोजना मर्मत संभार र सञ्चालन गर्ने गरी समुदायलाई हस्तान्तरण गरिनेछ।साथै योजनाहरु सञ्चालन व्यवस्थापनका लागि तालिमको समेत व्यवस्था मिलाइनेछ।

१४२. गाउँपालिकाभित्र रहेका सम्पूर्ण खानेपानीहरुको मुहान दर्ता सम्बन्धी कार्यविधि बमोजिम दर्ता गरी पालिका स्तरीय खानेपानी समिति निर्माण गर्ने र सो मार्फत मर्मत सम्भार गर्ने कार्य गरिनेछ।यस कार्यक्रमलाई सफलिभूत पार्नको लागि नीतिगत व्यवस्था गरी अभियानको रुपमा सञ्चालन गरिनेछ। छिमेकी स्थानिय तहले श्रोत उपयोग गरे वापत हाम्रो गाउँपालिकामा दर्ता गरी श्रोत उपयोग कर तिर्नु पर्ने व्यवस्था मिलाइनेछ।

**भवन निर्माण तथा मर्मतः**

१४३. राष्ट्रिय भवन संहिताको आधारमा स्थानीय भवन मापदण्ड संहिता तर्जुमा गरी गाउँपालिकाभित्र नयाँ घरहरु निर्माण गर्दा नक्सापास गर्ने र निर्माण भैसकेका घरहरुको

घर प्रमाणित गर्ने नीति सम्बन्धमा कानूनी प्रवन्धका साथै जनशक्तिको व्यवस्थापन गरि कार्यान्वयन चरणमा लगिनेछ।

१४४. निर्माणाधीन १५ शैया अस्पतालको निर्माण कार्यलाई प्रविधिको उच्चतम प्रयोग र सघन परियोजना व्यवस्थापन प्रणालीमार्फत गति दिइनेछ। निर्माण व्यवसायीलाई कार्यतालिका प्रति पूर्ण जिम्मेवार बनाई उक्त अस्पतालको भौतिक संरचना निर्माण कार्य यसै आर्थिक वर्षभित्र अनिवार्य रूपमा सम्पन्न गरिनेछ।"

१४५. संघीय सरकारको विशेष अनुदान अन्तर्गत "शिक्षा गुणस्तर सुधार कार्यक्रम" मार्फत गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूलाई भौतिक रूपमा सक्षम बनाइनेछ। बालबालिकाहरूको सुरक्षित र सहज सिकाइ वातावरणका लागि विद्यालयका भवन, शौचालय, खानेपानी र खेलमैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बालमैत्री संरचनामा रूपान्तरण गर्न आवश्यक व्यवस्थापकीय एवं प्राविधिक पहल गरी निर्माण कार्य अगाडि बढाइनेछ

१४६. वडा नं. ३ मा स्वास्थ्य चौकी भवनको निर्माण कार्य प्रारम्भ भइसकेको हुँदा, उक्त भवनलाई क्रमागत आयोजनाको रूपमा प्राथमिकता दिई यसै आर्थिक वर्षभित्र निर्माण कार्य सम्पन्न गरिनेछ र ह्वाङ्गदीका आम नागरिकहरूका लागि सुविधासम्पन्न पक्की भवनबाट स्वास्थ्य सेवा सुचारु गरिनेछ।"

**स्वास्थ्य**

१४७. पालिका भित्र रहेका वा हुन सक्ने सम्भावित विरामी तथा दुर्घटनालाई मध्येनजर गरी सबै वडाहरुमा पहुँच पुग्ने गरी आगामी आर्थिक वर्ष देखि गाउँपालिकाको मातहत एम्बुलेन्स कोष व्यवस्थापन गरी बाह्रै महिना एम्बुलेन्स सञ्चालन गरीनेछ ।

१४८. सबै नागरिकको स्वास्थ्य बिमा गर्ने नीति बमोजिम गरिब परिचय पत्रको आधारमा लागत साझेदारीमा विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम लागू गरिनेछ ।

१४९. मालिका गाउपालिकालाई आगामि आर्थिक वर्षमा पुर्ण पोषणमैत्री स्थानिय शासन तथा बालमैत्री स्थानिय शासन युक्त गाउपालिका बनाउन आवस्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१५०. ज्येष्ठ नागरिकमा देखिने स्वास्थ्य समस्याको समयमै पहिचान गरी थप जटिलता आउन नदिनको लागि घर-घरमा ज्येष्ठ नागरिक सेवा कार्यक्रम संचालन गरिनेछ ।

१५१. सामुदायिक स्वास्थ्य ईकाई बाट प्रवाह गरिने स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउनको निम्ति आवस्यक उपकरण जनसक्तिको व्यवस्थापन गरिने छ ।

१५२. स्वास्थ्य संस्थाहरुको नियमित मर्मत सम्भार साथै ह्वाङ्गदी स्वास्थ्य चौकीको निर्माणधिन नयाँ भवन निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

१५३. बालबालिकामा कुपोषण बाट हुने बिरामीपन दर कम गर्नुको साथै बाल मृत्यु दर लाई शून्यमा राख्नको लागि पूर्ण पोषण मैत्री स्वास्थ्य संस्था, वडा र गाउँपालिका घोषणा कार्यक्रम सञ्चालन गरिनेछ । कुपोषित बच्चाहरुको पोषण स्थितिको लेखाजोखा गरी बहिरङ्ग उपचार बाट सेवा सवै स्वास्थ्य चौकीमा बिस्तार गरिनेछ ।

१५४. घरमा शून्य प्रसुति कार्यक्रमको दिगोपना सुनिश्चित गरिनेछ ।

१५५. मातृ तथा नवशिशु मृत्यू लाई शून्यमा राख्न सुत्केरी ओसार पोसारको निम्ति एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ वढिमा ३ महिनामा R U S G मार्फत सवै वडाका गर्भवतीलाई भिडीयो एक्सरे सेवा सम्वन्धित वडाको स्वास्थ्य चौकीमा दिईने छ ।

१५६. दिर्घ रोगी तथा जटिल प्रकृतिका रोगहरुको उपचारका लागि प्रदान गर्दै आएको आर्थिक सहायतालाई निरन्तरता दिईनेछ । विपन्न नागरिकको उपचारमा थप सहुलियतको निम्ति केन्द्रिय र प्रादेशिक अस्पतालहरुको सहकार्यमा उपचारमा थप सहुलियत निती अवलम्वन गरिनेछक।

१५७. सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदन्ड बमोजिमको मूल्याङ्कन गरी गुणस्तर सुधार गरिनेछ ।

१५८. महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको भूमिकाको उच्च मुल्याङ्कन गर्दै गाउँपालिका बाट दिईंदै आएको यातायात खर्च लाई निरन्तरता दिईनेछ ।

१५९. विशेषज्ञ स्वास्थ्य सेवा लाई जनताको घर-घरमा पुर्याउनको निम्ति विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१६०. गाउँपालिकामा सञ्चालित नागरिक आरोग्य केन्द्र मार्फत् आयुर्वेद गाउँघर क्लिनिकलाई निरन्तरता दिईनेछ ।

१६१. खोप, गाउँघर क्लिनिक, परिवार नियोजन, पोषण, सुरक्षित मातृत्व सेवा, रोग नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६२. स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री बनाउँदै सवै स्वास्थ्य संस्थामा E H M I S प्रणालिवाट रेकडिङ्ग रिपोर्टिङ्क गरिने छ ।

१६३. सरुवा तथा महामारी रोगहरुको नियन्त्रण, उपचार र रोकथाम कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।समाजमा व्यापक नसर्ने रोगको बिगबिगि कम गर्नका लागि नसर्ने रोग सम्वन्धि जनचेतना मुलक कार्यक्रम तथा स्क्रिनिङ्ग सिविर सञ्चालन गरिने छ ।

*अन्त्यमा*

*सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, राजनीतिक दल, किसान, मजदुर, युवा, उद्योगी, व्यवसायी, बैङ्क तथा वित्तीय क्षेत्र, सहकारी, समुदाय नागरिक समाज, सञ्चारकर्मी लगायत स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण मालिकाबासी आमाबुबा,दाजुभाइ-दिदिबहिनीहरूमा हार्दिक धन्यवाद सहित आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास गर्दछु ।*

धन्यवाद ।